# नेपाल राजपत्र

नेपाल सरकारद्वारा प्रकाशित

खण्ड ७०) काठमाडौं, असार १ गते, २०७७ साल (संख्या ९

## भाग ३

नेपाल सरकार

**अर्थ मन्त्रालयको**

**सूचना १**

### आयकर (एघारौं संशोधन) नियमावली, २०७७

आयकर नियमावली, २०५९ लाई संशोधन गर्न वाञ्छनीय भएकोले,

आयकर ऐन, २०५८ को दफा १३८ ले दिएको अधिकार प्रयोग गरी नेपाल सरकारले देहायका नियमहरू बनाएको छ ।

१. **संक्षिप्त नाम र प्रारम्भः** (१) यी नियमहरूको नाम "आयकर (एघारौं संशोधन) नियमावली, २०७७" रहेको छ ।

(२) यो नियमावली संवत् २०७७ साल साउन १ गतेदेखि प्रारम्भ हुनेछ ।

२. **आयकर नियमावली, २०५९ को नियम ५क. मा संशोधनः** आयकर नियमावली, २०५९ (यसपछि "मूल नियमावली" भनिएको) को नियम ५क. को,-

(१) उपनियम (२) मा रहेका "कर अधिकृत समक्ष" भन्ने शब्दहरुको सट्टा "विभाग समक्ष" भन्ने शब्दहरु राखिएका छन्।

(२) उपनियम (३) मा रहेका "कर अधिकृतले" भन्ने शब्दहरुको सट्टा "विभागले" भन्ने शब्दहरु राखिएको छ ।

३. **मूल नियमावलीमा नियम २३क. र २३ख.थपः** मूल नियमावलीको नियम २३ पछि देहायका नियम २३क. र २३ख. थपिएका छन्:-

"२३क. स्थायी लेखा नम्बर स्थगनको प्रक्रियाः (१) ऐनको दफा ७८क. को उपदफा (१) बमोजिम स्थायी लेखा नम्बर स्थगन गर्न चाहने व्यक्ति वा निकायले आफूले लिएको स्थायी लेखा नम्बर स्थगन गर्नु पर्ने अवस्था सिर्जना भएको मितिले तीस दिनभित्र कारण खुलाई विभाग समक्ष निवेदन दिनु पर्नेछ।

(२) उपनियम (१) बमोजिम निवेदन दिँदा सो अवधिसम्मको आय विवरण तथा कर दाखिला गरेको हुनु पर्नेछ।

(३) उपनियम (१) बमोजिम प्राप्त निवेदन जाँचबुझ गर्दा व्यहोरा मनासिब देखिएमा विभागले निवेदन पेश गरेको मितिले तीस दिनभित्र स्थगन भएको वा स्थगन नहुने भए सो को जानकारी दिनु पर्नेछ।

२३ख. प्रतिलिपि दिनेः (१) नियम २३ बमोजिम स्थायी लेखा नम्बरको प्रमाणपत्र लिएको कुनै व्यक्तिले स्थायी लेखा नम्बर प्रमाणपत्र हराएमा वा अन्य कुनै किसिमबाट नासिएमा त्यस्तो प्रमाणपत्रको प्रतिलिपि लिनको लागि विभागमा दरखास्त दिनु पर्नेछ।

(२) उपनियम (१) बमोजिम दरखास्त प्राप्त भएको मितिले तीन दिनभित्र विभागले निवेदकलाई स्थायी लेखा नम्बर दर्ताको प्रमाणपत्रको प्रतिलिपि प्रदान गर्नु पर्नेछ।"

## सूचना २

## भन्सार (एघारौं संशोधन) नियमावली, २०७७

भन्सार नियमावली, २०६४ लाई संशोधन गर्न वाञ्छनीय भएकोले,

भन्सार ऐन, २०६४ को दफा ९२ ले दिएको अधिकार प्रयोग गरी नेपाल सरकारले देहायका नियमहरु बनाएको छ ।

१. **संक्षिप्त नाम र प्रारम्भः** (१) यी नियमहरुको नाम "भन्सार (एघारौं संशोधन) नियमावली, २०७७" रहेको छ ।

(२) यो नियमावली तुरुन्त प्रारम्भ हुनेछ ।

२. **भन्सार नियमावली, २०६४ को नियम ५२ मा संशोधनः** भन्सार नियमावली, २०६४ (यस पछि "मूल नियमावली"

भनिएको) को नियम ५२ को उपनियम (३) को ठाउँ ठाउँमा रहेका "गाउँ विकास समितिको" भन्ने शब्दहरुको सट्टा "गाउँपालिकाको" भन्ने शब्द राखिएको छ ।

३. <u>**मूल नियमावलीको अनुसूचीमा संशोधन:**</u> मूल नियमावलीको,-

(१) अनुसूची-१२ को क्रमसङ्ख्या २ मा रहेका "दार्चुला छोटी भन्सार कार्यालय," भन्ने शब्दहरु झिकिएका छन् ।

(२) अनुसूची-१३ को क्रमसङ्ख्या ८ मा रहेका "त्रिवेणी छोटी भन्सार कार्यालय," भन्ने शब्दहरु झिकिएका छन् ।

**आज्ञाले,**
**रामशरण पुडासैनी**
**नेपाल सरकारको सचिव ।**